स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मीठासपूर्ण कथावाचन शैलीका कारण 'सेलिब्रेटी' छवि बनाएका साइग्रेस पोखरेल अब अभिनेताको रुपमा ठूलो पर्दामा देखिँदैछन्। चन्द्र पन्तको निर्देशनमा बनिरहेको नयाँ फिल्म 'आ बाट आमा'बाट उनले डेब्यु गर्न लागेका हुन्। उनले चितवनमा फिल्मकोछायांकन सुरु गरेका छन्। फिल्ममा साइग्रेसको भूमिकाबारे निर्माण पक्षले कुनै जानकारी गराएको छैन।

आजको विचार...



आकाशमै... (दुई पेजमा)

दिलिपप्रकाश कार्की

विपिन कार्की स्टारर फिल्म 'काजी' को प्रदर्शन मिति तय भएको छ। निर्माताले पोस्टर सार्वजनिक गर्दै २७ चैतलाई प्रदर्शन मितिको रुपमा तय गरेका हुन्। यो फिल्मलाई लक्ष्मण रिजालले निर्देशन गरिरहेका छन्। रामप्रसाद रिजालको प्रस्तुति रहेको फिल्मको पोस्टरमा मुख्य पात्र विपिन कार्की फिचर्ड छन्। पोस्टरमा उनी केही गम्भिर र जवान छन्। पोस्टरमा केकी अधिकारी पनि चित्रित छिन्।



❒ अंक १२९ ❒ २०८२ मंसिर २० गते शनिबार 6 December 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### चार अर्ब ६० करोड डलरको एआई केन्द्र

(रासस/एएफपी)

सिड्नी, मङ्सिर १९/ च्याटजिपीटीको निर्माता ओपनएआई तथा अस्ट्रेलियाली डाटा सेन्टर अपरेटर नेक्स्टडीसी बीच सिड्नीमा अर्बौं डलरको कृत्रिम बुद्धिमत्ता (एआई) केन्द्र विकास गर्ने सम्झौता सम्पन्न भएको छ । ब्रिस्बेनमा मुख्यालय रहेको नेक्स्टडीसीले शुक्रबार सार्वजनिक गरेको विज्ञप्तिअनुसार दुवै कम्पनीबीच एआई क्याम्पस तथा जिपियु 'सुपरक्लस्टर' निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भएको हो । सम्झौता अनुसार यी कम्पनीहरूले पश्चिमी सिड्नीमा अत्याधुनिक एआई पूर्वाधारको योजना, विकास तथा सञ्चालनमा सहकार्य गर्नेछन् । सम्झौताको प्रभाव बजारमा पनि देखिएको छ - नेक्स्टडीसीको सेयर दिउँसोको कारोबारमा ४.१ प्रतिशतले उकालो लागेको छ । अस्ट्रेलियाली सरकारले सात अर्ब अस्ट्रेलियन डलर (झन्डै चार अर्ब ६० करोड अमेरिकी डलर) बराबरको यो परियोजनाले निर्माण, प्रविधि, इन्जिनियरिङ तथा परिचालन क्षेत्र मिलाएर हजारौं प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने विश्वास व्यक्त गरेको छ । सरकारका अनुसार यो विशाल केन्द्रले नयाँ नवीकरणीय उर्जा स्रोत प्रयोग गर्नेछ र पिउने पानी प्रयोग नगरी चिस्याउन सकिने 'नेक्स्ट जेनेरेसन' सुविधा निर्माण गरिनेछ ।

# गुल्मीमा २० करोड ६७ लाखको सुन्तला उत्पादन

हाम्रा संवाददाता/रासस

**गुल्मी,** मङ्सिर १९/ जिल्लामा यस वर्ष २० करोडभन्दा बढीको सुन्तला उत्पादन भएको छ । गत वर्षको तुलनामा यस पटक जिल्लामा सुन्तलाको उत्पादन घटेको हो ।

गत वर्ष रु २४ करोड ५० लाखभन्दा बढीको सुन्तला उत्पादन भएकोमा यस पटक उत्पादन ३२ प्रतिशतले घटेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपाने जानकारी दिए । जिल्लामा यस वर्ष २० करोड ६७ लाख ८४ हजारको सुन्तला उत्पादन भएको सूचना अधिकारी न्यौपानेले बताए । सुन्तलाखेतीबाट मनग्य आम्दानी गर्दै आएका यहाँका कृषकले यस पटक अपेक्षा गरेअनुसार सुन्तला उत्पादन नभएको बताएका छन् । सुन्तलाखेतीबाट यहाँका कतिपय कृषकले वार्षिक रु पाँच लाखभन्दा बढीको सुन्तला बिक्री गर्दै आइरहेका छन् । जिल्लामा उत्पादित सुन्तलामध्ये यस पटक दश करोड मूल्य बराबरको सुन्तला मात्र जिल्ला बाहिर निर्यात हुने कार्यालयले जनाएको छ । गुल्मीबाट गत वर्ष १३



करोड बराबरको सुन्तला जिल्ला बाहिर निर्यात भएको थियो । सुन्तलाको उत्पादन घट्नुमा बेमौसमी वर्षा, कृषकहरुले बगैंचा व्यवस्थापनमा ध्यान नदिनु, सानैमा फल झर्ने समस्या, रोग/किराको प्रकोप बढ्नु, सुन्तलालाई उचित मलखाद तथा सिँचाइ नहुनु, समयमा सुन्तलाको बोट काँटछाट नगर्नु जस्ता मुख्य कारण रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिए । यहाँका कृषकहरुले परम्परागत रुपमा सुन्तलाखेती गर्दै आएका छन् । परम्परागत खेतीका कारण समय समयमा सुन्तलाका फेँद र जरा कुहिने समस्याका कारण सुन्तलाको उत्पादनमा कमी आउँदै जान थालेको धुर्कोट गाउँपालिकाका-२ पिपलधाराका कृषक शिवलाल खनालले बताए । सुन्तला बगैंचामा समयमै मलखादको व्यवस्थापन र सूक्ष्म तत्वको प्रयोग गर्नेहो भने उत्पादनमा वृद्धि हुने उनको भनाइ छ । जिल्लामा अधिकांश कृषकहरुले सुन्तला बगैंचामा बिजु बिरुवाहरु रहेका छन् । यहाँका सुन्तला बगैंचाहरुमा ९५ प्रतिशतभन्दा धेरै बिजु विरुवाका बोट छन् । कलमी बोटहरुले भन्दा बिजु बिरुवाले लामो समयसम्म फलदिने भएका कारण यहाँका कृषकले बिजु बिरुवाको प्रयोग गर्दै आएका हुन् । जिल्लामा सुन्तलाको कूल ८८५ हेक्टर क्षेत्रफलमध्ये हाल ६१५ हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन हुने गर्दछ । व्यावसायिक रुपमा भने सुन्तलाखेती गर्ने कृषकको संख्या त्यति धेरै छैन । जिल्लाका ९३ वडामध्ये ३६ वडामा सुन्तला जातका फलफूल जोन कार्यक्रम लागू भएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कृषि इन्जिनियर विष्णुप्रसाद पोखेलले बताए । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममार्फत जिल्लाको मदाने गाउँपालिकाको पुर्कोटदह, धुर्कोट गाउँपालिकाको पिपलधारा तथा सत्यवतीको लिम्घा र रेसुङ्गाको अर्खलेलगायतका ठाउँमा चक्लाबन्दी गरी व्यावसायिक सुन्तलाखेती सुरु गरिएको छ ।

गुल्मीको सुन्तला निकै रसिलो र स्वादिलो हुनेभएका कारण बजारमा यहाँको सुन्तलाको राम्रो माग हुँदै आएको छ । सुन्तला खरिद गर्नका लागि बुटवल, पाल्पा, अर्घाखाँचीलगायतका जिल्लाबाट व्यापारी घरमै पुगेर सुन्तलाको बगैंचा खरिद गर्ने गर्दछन् । अहिले बजारमा गुल्मीको सुन्तलाको थोक मूल्य रु ४० देखि खुद्रा मूल्य रु १०० सम्म रहेको छ ।सुन्तलाजात फलफूलको दिगो विकासका लागि कृषि ज्ञान केन्द्रले पनि सुन्तलाका विभिन्न जात पहिचान गरी तिनको व्यवसायीकरण गर्न सुरु गरेको छ । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रममार्फत सुन्तलाको उत्पादकत्व वृद्धिका लागि बगैंचा व्यवस्थापनमा जोड दिएको छ । सुन्तलाको बगैंचा सुधारका साथै मलखादको व्यवस्थापन, सिँचाइ र बोट काँटछाँटलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुख रमेश जैसवालले बताए । जिल्लामा धुर्कोट गाउँपालिकाको नयागाउँ, पिपलधारा, छत्रकोटको लुम्छा, श्रृङ्गा, रेसुङ्गा नगरपालिकाको भाडगाँउ, रुरुक्षेत्रको मुसिडाँडा, चौतारा, मुसिकोट नगरपालिकाको अर्लाङकोट, गुल्मीदरबारको गौडाकोट, कालीगण्डकीको अर्बेनी, जयखानी चन्द्रकोटको रेमी, सत्यवती र मदानेको भनभने सुन्तलाको मुख्य पकेट क्षेत्रको रुपमा रहेका छन् ।


## बिजुलीको सुरक्षित प्रयोग गरौं ।

-भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
-बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
-पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
-ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
-आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
-जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
-रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# युवा पलायन रोक्न रेसुङ्गामा 'मिसन रोजगारी' कार्यक्रम

**गुल्मी,** मंसिर १९/ जिल्लाको रेसुङ्गा नगरपालिकाले युवा पलायन रोक्न 'मिसन रोजगारी' कार्यक्रम सञ्चालन गरेको छ । युवाहरूको वैदेशिक पलायन र उद्यमीबीचमै पलायन हुने अवस्थाको अन्त्य गर्न सो कार्यक्रम ल्याइएको नगर प्रमुख खिलध्वज पन्थीले बताए । उनका अनुसार दायित्वको सहकार्यमा १ सय ८० दिनको परिणाम प्राप्त गरिसक्ने गरी उक्त कार्यक्रम तीन चरणमा सञ्चालन गरिएको हो । नगर प्रमुख पन्थीले रोजगारी सिर्जना गर्नुपर्छ भन्ने सबैको साझा उद्देश्य र बुझाइका कारण मिसन रोजगारी कार्यक्रम



शुभारम्भ गरेको बताए । "युवा पलायन बढिरहेको छ, उद्यम सुरु गरेका उद्यमी पनि बीचमै पलायन हुने अवस्था छ," उनले भने, "उद्यमीलाई साथ दिएर रोजगारी वृद्धि गर्न हामीले मिसन रोजगारी भित्र्याएका हौं । "सबै उद्यमीलाई छुट्टाछुट्टै आवश्यकताअनुसार सहयोग गरेर रोजगारी बढाउने पनि नगर प्रमुख पन्थीले बताए । मंसिर १७ गतदेखि आवेदन आह्वान गरिएको छ । जसमध्ये ४० व्यावसायिक फर्म लाभान्वित हुनेछन् । ४० उद्यमीलाई सक्षमीकरण, त्यसैबाट छनोट २० उद्यमीलाई स्तरीकरण र त्यसैबाट छनोट १० उद्यमीलाई स्तरोन्नति गरिनेछ । उनीहरूलाई तालिम, ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरिनेछ । जसबाट उद्यमीलाई अनुदानको भर मात्रै होइन, आफैं लगानी गर्न सक्ने खाले बनाउने योजना छ । दायित्वले पूरक साझेदारी गरी लगानी, उत्पादन, बजारीकरण र परिणाम लिनेगरी रोजगारी वृद्धि गर्न सहयोग गर्नेछ । प्रतिस्पर्धात्मक उद्यमी तयार गर्न 'मिसन रोजगारी' १८० दिन चल्नेछ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## माटोको क्षयीकरण रोकौं

माटो हाम्रो जीवनको मूल आधार हो । पृथ्वीको सतहमा रहेको खनजोत गर्न सकिने नरम किसिमको भाग नै माटो हो । यो खासगरी विभिन्न खनिज तत्व, अर्गानिक तत्व, हावा, तरल पदार्थ र थुप्रै जीवहरुले बनेको हुन्छ । तर यही माटोको जीवन्त हैसियत निरन्तर खस्कँदो छ । मानवजाति नै माटोको महत्वका बारेमा गम्भीर नहुँदा यसले अनेक व्यवधानहरु ल्याइरहेको छ । अहिले नै, संसारभरिकै ४० प्रतिशत माटो खोतीयोग्य छैन । सबैतिर माटो मर्ने क्रम तीव्र छ । यदि यस्तै अवस्था रहेमा सन् २०५० सम्ममा सतहको ५० प्रतिशत माटो मरुभूमि भइसक्ने आकलन छ । अहिलेसम्म नेपालको कति प्रतिशत माटो मरुभूमीकरण भयो यसको यकिन कुनै तथ्यांक नभए पनि वन फडानी, कृत्रिम रसायन र विषादीमा आधारित भएर गरिएको एकल र सफा खेतीका कारण बर्सेनि लाखौं टन मलिलो माटो हाम्रो खेतबारीबाट पलायन भएको छ । यस्तो अवस्थामा कृषिको उत्पादन र उत्पादकत्व बढाउन माटो जोगाउनु सरकारको मुख्य प्राथमिकता हुनुपर्ने हो । तर सरकारले यसतर्फ कुनै पनि बाटो तय गरेको छैन । बरु कृषियोग्य माटो मार्ने कृत्रिम रसायन र विषादीको वर्षा गराउँदै कृषि सपार्ने धुन अलापेको पाइन्छ । यो अत्यन्त विडम्वनाको कुरा हो ।

माटोको महत्वलाई बुझाउन कार्यक्रम हुने नगरेका होइनन् । तर घट्दो उर्बराशक्ति बढाउनतर्फ कसैको पनि ध्यान छैन् । मानव जातिको लापरवाहीका कारण भोलि पृथ्वी बासयोग्य हुन नसक्ने जोखिम देखिएकाले माटोको बारेमा जनचेतना जगाउने उद्देश्यले हरेक वर्ष डिसेम्बर ५ मा विश्व माटो दिवस मनाउने गरिन्छ । यस वर्ष पनि शुक्रबार मनाइएको छ । विज्ञका अनुसार विश्वमा माटोको अम्लीयकरण बढ्दो क्रममा छ । उर्वर जमिनमा अम्लीयपन बढ्दै जाँदा उत्पादकत्व घट्दै जान्छ, जसका कारण भविष्यमा खाद्य संकटको जोखिम रहेको भन्दै जानकारहरुले चिन्ता प्रकट गर्न थालेका छन् । यसका साथै माटोको संरक्षण नगरिँदा खाद्य तथा पोषण सुरक्षा सम्भव छैन । त्यसैगरी दिगो कृषि विकास, जैविक विविधताको संरक्षण, प्राङ्गारिक कृषि सम्बन्धी विषय पूर्ण हुँदैनन् । हाम्रो माटोको उर्वराशक्ति प्रत्येक वर्ष ह्रास भइरहेको छ । यसो हुनुमा एउटै बाली पटक-पटक लगाउने प्रवृत्ति, रसायनिक मलका अधिक प्रयोग, गोबर मलको स्रोतको क्षय र प्रयोगमा कमी सहायक कारण हुन् । तसर्थ खेतबारीमा हरियो मल, गोबर तथा प्रांगारिक मलको बढी भन्दा बढी प्रयोग बढाई रासायनिक मलको प्रयोग कम गरी माटो संरक्षणमा सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Socia Network

"जिन्दगीमा आश लाग्ने चिजहरु धेरै छन, तर
खास लाग्ने भनेको तिमी मात्र हौ आमा"...।

*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/shanta.dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आकाशमै नेपालका हिमालसँग मौन संवाद



**दिलिपप्रकाश कार्की**

*प्रत्येक झ्यालबाट देखिने दृश्यले आफ्नै भाषामा जिस्काउँछन् र यात्रुको मनमा अनन्त स्मृतिको छाप छाड्छन् । नेपालको हवाई इतिहास पनि उस्तै रोचक छ । चार सिटे बोनान्जा बिच एयरक्राफ्ट, २४ सिटे डकोटा, भारतीय नेसनल एयरवेज र हिमालयन एभिएसन लिमिटेड हुँदै नेपाल वायुसेवा निगमसम्म आइपुग्दा नेपालको व्यावसायिक हवाईयात्रा तरुणवयमा छ । उडानका रहर, उचाइका चुनौती र देशको भूगोलका कारण नेपालको आकाश, उचाइ र नियमन अन्य मुलुकजस्तो सहज भने पक्कै छैन । यो आफैंमा एक साहसिक यात्रा भन्दा पनि अस्वकाविक हुँदैन ।*

नेपालमा हवाई यात्रा केवल गन्तव्य पुग्ने साधन होइन- यो आफूमा एउटा अनुभव, एउटा दर्शन, र हिमालसँग सान्निध्य संवादसहितको नियात्रा हो । संसारका धेरै देशहरूमा हवाई जहाज उड्नु सामान्य दैनिक प्रक्रिया हो तर नेपालमा उड्ने प्रत्येक फ्लाइट, चाहे त्यो काठमाडौं-पोखरा होस्, जनकपुर-काठमाडौं होस्, धनगढी, विराटनगर वा नेपालगन्ज-मुगु नै किन नहोस्, यात्रुको फदयमा एउटै भाव धड्किन्छ - "यो त माउन्टेन फ्लाइट नै रहेछ ।"

नेपालजस्तो अनुपम भू-भाग, जहाँ ८ हजार मिटरभन्दा अग्ला १४ शिखर गर्वका साथ उभिएका छन्, जहाँ संसारको शिरजस्तै सगरमाथाले आकाश समातेको देखिन्छ । त्यही देशको आकाशमा उड्ने प्रत्येक जहाज यात्रुका लागि एक चलायमान दर्शक मञ्च बन्छ । विमानका झ्यालहरू हिमाल अवलोकनका लागि बनेको कुनै सिनेमा हलका झ्यालझैं लाग्छन्- पर्दा बदलिँदै जान्छ, दृश्य फेरिँदै जान्छ तर दन्त लहर फैलाएर मुस्कुराइरहेको हिमालको आकर्षण सकिँदैन । प्रत्येक झ्यालबाट देखिने दृश्यले आफ्नै भाषामा जिस्काउँछन् र यात्रुको मनमा अनन्त स्मृतिको छाप छाड्छन् । नेपालको हवाई इतिहास पनि उस्तै रोचक छ । चार सिटे बोनान्जा बिच एयरक्राफ्ट, २४ सिटे डकोटा, भारतीय नेसनल एयरवेज र हिमालयन एभिएसन लिमिटेड हुँदै नेपाल वायुसेवा निगमसम्म आइपुग्दा नेपालको व्यावसायिक हवाईयात्रा तरुणवयमा छ । उडानका रहर, उचाइका चुनौती र देशको भूगोलका कारण नेपालको आकाश, उचाइ र नियमन अन्य मुलुकजस्तो सहज भने पक्कै छैन । यो आफैंमा एक साहसिक यात्रा भन्दा पनि अस्वकाविक हुँदैन । नेपालका हवाई मार्ग चार प्रकारका मानिन्छन्- कन्ट्रोल रुट, अन-कन्ट्रोल रुट, एडभाइजरी रुट र टर्मिनल रुट ११, ५०० फिटभन्दा माथिको अवस्थामा कन्ट्रोल रुट, अनकन्ट्रोल रुटमा पाइलट आनै भिजुअल फ्लाइट रुलमा निर्भर, एडभाइजरी रुटमा केही स्थानमा एटीसी सहायता र केही स्थानमा पाइलटको विवेक अनि उडान सुरु वा अवतरण चरणमा टर्मिनल रुट सक्रिय हुन्छ । तराईमा निश्चित रुट, पहाडमा पाइलटले आफैं बाटो बनाउनु-संसारमै दुर्लभ अभ्यास हो । उडान सहजताका लागि रुटहरुको पनि नामाकरण गरिएको छ । जसमा काठमाडौंबाट पोखरा, दाङ, नेपालगन्जतिर उडदा ह्विस्की ४१, भरतपुर-दाङमा ह्विवस्की १७, भैरहवा-दाङमा ह्विस्की १९ जस्ता मार्गहरु तय गरिएका छन् । यात्रुका लागि यी नाम केवल 'रुट' हुन्ह पाइलटका लागि भने यी रुट उचाइ र भौगोलिक चुनौतीसहित बाँचिने अनुभव हुन् । इन्स्ट्रमेन्ट फ्लाइट रुलमा उड्दा १५,००० देखि २९,००० फिटबीच उड्नुपर्छ भने, पूर्वतर्फ उड्दा अड थाउजन्ड (१५, १७, १९ हजार फिट), पश्चिमतर्फ इभेन थाउजन्ड (१६, १८, २० हजार फिट) र भिएफआरमा २०,००० फिटसम्म उडान भर्ने गर्दछन् । उडान बीच एक हजार फिटको अनिवार्य आकाशे दूरी आवश्यक पर्छ । र सबैभन्दा रोचक, नेपालमा माउन्टेन फ्लाइट आईएफआरमा २५,००० फिट र भिएफआरमा २४,००० फिटभन्दा माथि उडाउन पाइँदैन । यात्रुका लागि भने यी सबै केवल प्राविधिक विषय हुन् । प्रविधिले कोल्टे फेरिरहँनदा नेपालमा विशेषगरी १९६० को दशकपछि अन्तर्राष्ट्रिय आरोहीहरूको आगमन वृद्धि हुन थाल्यो र हिमालको सौन्दर्य विश्व पर्यटनको केन्द्र बन्दै गयो । आज २०२५ मा, नेपाल आउने पर्यटकको आकर्षण सूचीमा 'माउन्टेन फ्लाइट' शीर्ष पाँच आकर्षणमध्ये पर्छ ।

एयरलाइन्सको तथ्यांक अनुसार, सगरमाथाको दृश्यावलोकनका लागि मात्र हरेक वर्ष २५-३० हजारले यात्रा गर्छन् । तर, मुलुकको अद्भूत सुन्दरता- नेपालका आन्तरिक यात्रुहरू प्रत्येक दिन, प्रत्येक फ्लाइटमा जानी-नजानी 'माउन्टेन फ्लाइट' नै गरिरहेका हुन्छन् ।

काठमाडौंबाट उडान सुरु भएसँगै देखिने गणेश हिमाल, लाङ्टाङ हिमशृखला, पोखरा जाने क्रममा मुस्कानसहित उभिएको माछापुच्छे, स्वागतका लागि उभिएझैं देखिने अन्नपूर्ण, कञ्चन धौलागिरी, नेपालगन्ज वा सुर्खेत र धनगढीसम्मको उडानमा देखिने कान्जिरोवा साईपाल र अपिको मौन चमक- जसले यात्रालाई हिमालय पर्वतको दर्शनका लागि निस्किएको भक्तजस्तै महसुस गराउँछन् । यात्रुले टेबल ट्रे खोल्न नपाउँदै स्वर्गको ढोका उघारिएझैं भव्य हिमश्रृखलाहरू खुल्छन् । पाइलटहरुले आफ्नो अनुभूति साझा गर्दै भन्छन् - नेपालका हरेक उडान प्रकृतिसँगको भेटघाट हो । काठमाडौंबाट पोखरा जाँदै गर्दा माछापुच्छ्रेले जति पटक नयाँ रूप देखाउँछ, त्यति पटक यात्रुले 'वाह' भन्छन् । त्यो 'वाह' नै हाम्रो देशको ब्रान्ड हो । पहिलो पटक उड्ने बालकका लागि त्यो 'हिमाल ' भनेर चिच्याउने क्षण बन्छ भने घर फर्कँदै गर्ने महिलाका लागि त्यो आफन्तको सम्झना अनि 'एभरेस्ट' हेर्न नि:शब्द बनेका विदेशी यात्रुका लागि त्यो जीवनकै चमत्कार बनिदिन्छ । सामान्यतया नेपालको आन्तरिक उडानहरुमा देखिने दृश्य- सुटुक्क मिलेकाजस्ता बादलहरू, जमीनबाट उठेर आकाश चुम्न अग्लिँदै गरेका हिमालहरू र हिमालसँग पीरती साट्न ओर्लिरहेको देखिने क्षितिज बीचको संवादले जीउ चंगा बनाउँछ । यात्रुहरूले कहिलेकाहिँ भन्छन्- नेपालमा जहाज चढ्नु भनेको ३० मिनेटको 'हिमालय डकुमेन्ट्री'हेर्ने जस्तै हो ।

विशेषगरी प्रात:कालीन उडानहरू- जेठको घाम चहकिलो हुँदा, मंसिर-पौषको चिसो पारदर्शी आकाशमा, फागुन-चैतको गुलाबी बादलको छेउबाट उड्दा-हिमालहरुले आफैंलाई नजिक्याएको जस्तो लाग्छ । अन्नपूर्णलाई चुमेर आएको लेकाली हावाले बादललाई जिस्काउँदै गरेको दृश्य देखेर यात्रुहरू हर्षित मुद्रामा तस्बिर खिच्दै, चियर्स गर्दै, आकाशसँग गफिँदै गरेका देखिन्छन् । हातमा क्यामेरा, मनमा उत्साह- यो दृश्यका कारण नै पोखरा उडानलाई पर्यटकले विश्वकै उत्कृष्ट दृश्यावलोकन फ्लाइटको रुपमा चर्चा गर्ने गर्दछन् । नेपालको आन्तरिक उडानहरुबाट केवल हिमाल मात्र हेर्ने होइन सँगै नदीहरूले इतिहास र सभ्यताका कथा बोकेर अविरल बगिरहेका देखिन्छन् । बाजुरा-डोल्पोतर्फ उड्दा सेती, कर्णाली र भेरी सुनौलो डोरीजस्तै चम्किन्छन् । हरियालीले ढाकेका पहाड, थुम्कोजस्तै देखिने बस्ती, टुक्रिएको मोतीजस्तै चम्किने तालहरुले यात्रुलाई जहाजको झ्यालबाट देख्ने 'दृश्य कविता'को झल्को दिन्छ । नेपाली उडानहरूको अर्को विशेषता- हरेक उडानले सयौं कथाहरु बोकेका हुन्छन् । कुनै फ्लाइटले घर छोडेर परदेशिने युवाको कथा बोकेका हुन्छन् भने कुनैले पूरा गरेका सपनाको सन्दुक बोकेर घर फर्किरहेका हुन्छन् । कुनैमा उमेर ढल्किँदै गरेकी बुढी आमा हुन्छन् भने कुनैमा साहसिक पर्यटकहरू, कुनैमा सरकारी अधिकारी, कुनैमा पत्रकारहरू, केहीमा त पहिलोपटक विमान चढ्ने बालबालिका जो झ्यालबाट हिमाल देखेपछि चिच्याउँदै भन्छन्- 'ए आमा, हिमाल' केही यात्रुका लागि आकाशमा देखिने हिमालहरू घरको सम्झनाजस्तै हुन्छन् । कतिपयले पहिलोपटक सगरमाथा देख्दा भावुक हुन्छन् - यो केवल हिमालको सौन्दर्य होइन, मान्छेको मनमा अमिट छाप बनाएको नेपालको पहिचान हो । नेपाली उडान- जहाँ आकाश, बादल र हिमालय मिलेर यात्रुको निजी सिनेमा बनाउँछन् ।

नेपालको हरेक फ्लाइट, चाहे सेड्युलफ्लाइट होस् वा निर्धारित माउन्टेन फ्लाइट, दुवै विश्रुवव्यापी पर्यटक आकर्षणका लागि कुरिरहेको देखिन्छन् । नेपालमा हवाई यात्रा गर्नु भनेको आकाश र हिमालबीच लेखिएको एउटा जीवित कविता पढ्नु हो । यात्रुहरू भन्छन्–"म त गन्तव्य पुग्न भनेर चढेको, तर हिमाल देखेर मोहित भएँ ।"

नेपालका अधिकांश विमानस्थलहरू स्वयंमा नै 'हिमालय भ्युपोइन्ट' जस्तै छन् । लुक्ला, नाम्चे, मनाङ, जुम्ला, सिमकोट, पोखरा आदि । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा झर्ने हरेक यात्रुलाई माछापुच्छ्रेले स्वागत गरिरहेको देखिन्छ । यही कारण नेपालमा भित्रिने हरेक यात्रुको सामूहिक अनुभव हुन्छ- "नेपालमा हरेक फ्लाइट माउन्टेन फ्लाइट नै हो ।" उडान छोटो होला, समय कम होला, यात्रुको उद्देश्य फरक-फरक होला- तर हिमालको उपस्थितिले सबै फ्लाइटलाई एउटै मालामा उनिदिन्छह भव्यता, श्रद्धा, सौन्दर्य र स्मृतिको चहकिलो माला । नेपालको आकाशका हरेक उडानले एउटा महाकाव्य तयार हुन्छ । विमानका प्रत्येक झ्यालबाट अद्वितिय चित्रकलाको झल्को दिन्छ, प्रत्येक दृश्य जीवनभरका लागि सम्झनाको मोती बन्छ । यही कारण आज, भोलि र सदैव- नेपालमा जहाँ-जहाँ जहाज उड्छ, त्यहाँ-त्यहाँ यात्रुहरू मुस्कुराउँदै भन्छन्- "एस् एभ्री फ्लाइट इज् अ माउन्टेन फ्लाइट । **(लेखक कार्की नेपाल पर्यटन बोर्डका मिडिया कन्सल्टेन्ट हुन् ।)**

**हाम्राकुरा डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साहित्यको क्षेत्रमा सफलता मिल्नेछ । आफन्तहरूबाट टाढिनुपर्ला । | **तुला** : आर्थिक हानि हुन सक्छ । स्वास्थ्यमा खानपिनमा ध्यान राख्नुहोस्। |
| **वृष** : समाजमा मानसम्मान प्राप्त हुनेछ ।नयाँ कामको जग बसाउने समय छ। | **वृश्चिक** : घरपरिवारमा प्रसन्नता रहनेछ । व्यापारिकहरूलाई नयाँ अनुबन्ध मिल्नेछ। |
| **मिथुन** : काम दोहोराएर गर्नुपर्ला । रोजगारमा सफलता मिल्नेछ। | **धनु** :कुराकानी गर्दा विनम्र भाषाको प्रयोग गर्नुहोस् ।अप्रिय बोलीको प्रयोग नगर्नुहोला । |
| **कर्कट** :कार्यक्षेत्रमा अनुकूल परिस्थितिले मन रमाउनेछ। धैर्यवान भएर कार्य गर्नुहोस् | **मकर** : शिक्षाको क्षेत्रमा राम्रो परिणाम प्राप्त हुनेछ। प्रेमको बन्धन कसिनेछ। |
| **सिंह** : रोकिएका कार्यहरूले गति लिनेछ । व्यावसायिक निर्णयमा लाभ मिल्नेछ। | **कुम्भ** :स्वास्थ्यमा सतर्कता अपनाउनुहोस् । आफन्तहरू सहयोगी सिद्ध हुनेछन्। |
| **कन्या** : कार्यक्षेत्रमा सहयोग प्राप्त हुनेछ । नयाँ निर्णयहरू लिने समय रहेको छ । | **मीन** : मनोबलमा वृद्धि हुनेछ । सवारी चलाउँदा सावधान रहनुहोला। |

# साहित्य दर्पण

कृति/समीक्षा ● डा. शैलजा पोखरेल

## शब्दसँगै घुम्न पाइने यात्राभित्रको यात्रा : लन्डिनियम

*नियात्रामा विम्बको रूपमा प्रयोग गरिएका शब्दहरूले पाठकलाई शृंगारिक भाव धाराका कविता झैं मनमा तरंगित बनाउँछन् । सुन्दरी, महिला र तिनका प्राकृतिक र अप्राकृतिकताको वर्णन गर्दै नियात्राकारले प्रस्तुत गरेको शृंगारिक भावले पाठकको मन बिथोल्ने कामभन्दा पनि बिथोलिएको मनलाई सही ठाउँमा ल्याउने र उपयोगी शिक्षा दिने काम गरेको देखिन्छ । ऐतिहासिक धरातलमा खुट्टो टेकेर पुगेका ठाउँको खोजी र वर्णन गर्नु उनका नियात्रामा पाइने मूल विशेषता हुन् । त्यही विशेषता यस संग्रहमा पनि प्रशस्तै पाइन्छ । कार्ल मार्क्सले शरणार्थी जीवन बिताएको स्थानको भूत र वर्तमानको वर्णनले नेपाली पाठकको ज्ञानको सीमालाई तन्काउने काम गरेको छ । नेपालमा कम्युनिस्ट राजनीति गर्नेले साह्रै धेरै प्रयोग गर्ने कार्ल मार्क्स साहित्यमा पनि प्रगतिवादका प्रतिपादकका रूपमा भेटिन्छन् । तिनै मार्क्सले भाडामा बसेको बेलायतको घर, त्यो घरको अवस्था आदिको खोजी र वरपरका दृश्यका वर्णन ज्ञानवर्द्धक छन् । कार्ल मार्क्सको सिद्धान्त टेकेर नियात्राकारले गरेको व्याख्याले नेपाली मार्क्सवादीहरूलाई झस्काउँछ ।*

नेपाली साहित्यजगतमा कृष्ण बजगाईंको १८ वटा छुट्टाछुट्टै पूर्ण अस्तित्व भएका नियात्रा समेटिएको छैटौं नियात्रा संग्रह 'लन्डिनियम' प्रकाशित भएको छ । बेलायत, नेदरल्यान्डस् र जर्मनीका भ्रमणको उपजबाट निस्किएको यस नियात्रा संग्रहले ती स्थानमा लुकेका इतिहासका जीवन्त आत्मालाई खोतलेर पाठकलाई देखाउने काम गरेका छन् । बजगाईं ती देशमा भएका बहुप्रचलित, ऐतिहासिक रूपले महत्त्वपूर्ण र नौला स्थानमा भ्रमण गर्दै आफूले अनुभव गरेका र देखेका दृश्यलाई कुशलतापूर्वक शब्दहरूमा कुँदेर नियात्रा मार्फत ल्याएका छन् । भुँडीपुराण प्रकाशनबाट प्रकाशित 'लन्डिनियम'को शीर्षक लन्डनको प्राचीन इतिहासबाट ल्याइएको छ । लेखकले नयाँ-नौला ठाउँहरू पुगेर त्यहाँको नौलोपनसँग नियात्रामार्फत नेपाली पाठकलाई परिचित गराएका छन् । नयाँ सोचले ती स्थानमा कसरी स्थान पाए भन्ने उपयोगी र रमाइला जानकारी समेटिएका छन् ।

नियात्राकार बजगाईं यस कृतिमा प्राकृतिक सुन्दरतामा अलि धेरै रमेको देखिन्छन् । प्रकृतिको अनेक किसिमको वर्णनमा रमेका बेला प्रकृतिकै एउटा पाटाका रूपमा सुन्दरी वा महिलाको वर्णन नियात्रामा प्रशस्तै भेटिन्छन् । शृंगारिता यो संग्रहमा भेटिने अर्को विशेषता हो । नियात्रामा विम्बको रूपमा प्रयोग गरिएका शब्दहरूले पाठकलाई शृंगारिक भाव धाराका कविता झैं मनमा तरंगित बनाउँछन् । सुन्दरी, महिला र तिनका प्राकृतिक र अप्राकृतिकताको वर्णन गर्दै नियात्राकारले प्रस्तुत गरेको शृंगारिक भावले पाठकको मन बिथोल्ने कामभन्दा पनि बिथोलिएको मनलाई सही ठाउँमा ल्याउने र उपयोगी शिक्षा दिने काम गरेको देखिन्छ । ऐतिहासिक धरातलमा खुट्टो टेकेर पुगेका ठाउँको खोजी र वर्णन गर्नु उनका नियात्रामा पाइने मूल विशेषता हुन् । त्यही विशेषता यस संग्रहमा पनि प्रशस्तै पाइन्छ । कार्ल मार्क्सले शरणार्थी जीवन बिताएको स्थानको भूत र वर्तमानको वर्णनले नेपाली पाठकको ज्ञानको सीमालाई तन्काउने काम गरेको छ । नेपालमा कम्युनिस्ट राजनीति गर्नेले साह्रै धेरै प्रयोग गर्ने कार्ल मार्क्स साहित्यमा पनि प्रगतिवादका प्रतिपादकका रूपमा भेटिन्छन् । तिनै मार्क्सले भाडामा बसेको बेलायतको घर, त्यो घरको अवस्था आदिको खोजी र वरपरका दृश्यका वर्णन ज्ञानवर्द्धक छन् । कार्ल मार्क्सको सिद्धान्त टेकेर नियात्राकारले गरेको व्याख्याले नेपाली मार्क्सवादीहरूलाई झस्काउँछ ।

युद्ध र त्यसको मारमा परेका स्थानको खोजी गर्दै जर्मनीमा हिटलरको यातना गृह, ग्याँस च्याम्बरको कथा व्यथाको वर्णन र सूचनाले पाठकका मनमा दोस्रो विश्वयुद्धताका त्यहाँका मानिसले भोगेको दुःखको गहिरो बोध गराउँछ । बजगाईं जुन ठाउँमा पुग्छन् त्यहाँको ऐतिहासिक जगलाई खोतलेर ज्ञानवर्द्धक सूचनाको खोजी गर्छन् । उनी यस्तो सूचना निकाल्छन्, जसको सतही ज्ञान त पाठकलाई हुनसक्छ तर त्यो ज्ञानमा पूर्णता भने बजगाईंको नियात्राले नै गराउँछन् । त्यस्तै ऐतिहासिक ज्ञान उनले बर्लिनबाट पनि ल्याएका छन् । दोस्रो विश्वयुद्धका कारण दुई देशमा विभाजित जर्मनीको बर्लिन पुगेर गरिएको त्यहाँको दृश्यको वर्णन मार्मिक छ । विकसित जर्मनीलाई टुक्र्याएको स्थानमा पुगेका उनले ल्याएको भाइचारा चुम्बनको उदाहरण नेपाली कम्युनिस्टहरूलाई उपयोगी हुन सक्छ भन्ने उनको ठम्याइँ छ ।

नियात्राकारको कवित्व, कविताप्रतिको झुकाव र कवितात्मक गुण नियात्राका वर्णनमा प्रशस्त देख्न सकिन्छ । नदीमाथि तैरिरहेको पुस्तक पसल जाँदाको काव्यात्मक र चित्रात्मक प्रस्तुतिमा पाठक उनीसँगै शब्दहरूमा खेल्न थाल्छन् । उज्यालो दिनको वर्णन गर्दा मायालु रापको अनुमान लगाउन थाल्छन् पाठकहरू । नियात्राकारको कवि व्यक्तित्व नियात्राभित्र अनेक रूपमा भेटिन्छन् । उनको यस्तो प्रस्तुतिले नियात्रा भनेको गद्य कविताजस्तो पनि हुन सक्छ भन्ने साहित्यिक मान्यतालाई पुष्टि गर्छ ।

बजगाईंका नियात्रामा जताततै भेटिने काव्यात्मक अभिव्यक्तिले पाठकको कवि मन मौलाउँछ । पाठकहरू 'पोएट्री फार्मेसी'मा पुगेर कविताको क्याप्सुल खाँदै रमाउन थाल्छन् । पोएट्री वाकमा कविता प्रेमीसँग हिँड्दा लेखकलाई भावुक बनाउने कवितात्मक शक्ति यस नियात्रामा देख्न पाइन्छ । यस संग्रहमा घुम्न पाइने धेरै स्थानमा आजभन्दा पहिलेका नियात्राकार घुमे कि घुमेनन् भनेर पाठकलाई एकछिन सोच्न बाध्य बनाउँछ । नियात्रामा पाठकका लागि थुप्रै नौला र अचम्मलाग्दा जानकारी छन् । बाथ सहरको दृश्य र त्यहाँको जानकारीह नेदरल्यान्डस्को बतासे गाउँमा हावाको उपयोग गर्ने तरिका र हाम्बर्गमा पुग्दा प्रसिद्ध खाना हाम्बर्गरको इतिहासका नयाँ जानकारी नियात्रामा पाइन्छन् । महान चित्रकार पाब्लो पिकासोलाई सन् १९११ मा पेरिसको लुभ्र म्युजियमबाट चित्र चोरेको अभियोगमा थुनिएको कुरा र भान गोगका चित्रका प्राकृतिक रङहरूको सुन्दर समायोजनको वर्णन नेपाली पाठकलाई नयाँ लाग्छन् । त्यही नयाँपनमा मस्त हुँदै गर्दा नेपालीले कहिल्यै नसोचेको क्रेन होटल पुग्दा यात्रा वर्णनले कौतुहलता जगाउँछ । लेखकले आँट गर्न नसके पनि क्रेन होटलको बसाइको अनुभव पाठकलाई पनि लिउँ लिउँ जस्तो लाग्ने बनाउँछ । नियात्राकारका केही व्यक्तिगत रुचि पनि खुलारूपमा आएको देखिन्छ । उनी कवि हुन्, कवि र साहित्यकारको सम्मान गर्छन् । उनी इतिहासमा भएका तर वर्तमान समयमा ओझेलमा परेका स्थानहरूको खोजकर्ता हुन् । यिनी इतिहासको खोजीमा विशेष किसिमले रमेका देखिन्छन् । स-सानाजस्ता लाग्ने ठाउँका इतिहास खोजेर नियात्रामा तिनलाई विशेष बनाउने खुबी उनमा देखिन्छ । लन्डिनियम नियात्रा संग्रहका नियात्राहरूमा उनले आफ्नो नियात्रात्मक प्रवृत्तिअनुसार पुगेका स्थानका ऐतिहासिकता खोजी गरेका छन् । जानकारी र मनोरञ्जनको उचित सम्मिश्रणका कारण पाठकलाई उनका हरेक नियात्रा रुचिकर लाग्छन् । नियात्रामा वर्णन भएका स्थान, बाटा र त्यहाँका दृश्यमा पाइने प्राकृतिक सुन्दरताको काव्यात्मक अभिव्यक्तिले नियात्रालाई अझै रोचक बनाउने काम गरेका छन् । नियात्राकार घुमेका ठाउँको विकास, त्यहाँको इतिहास, धार्मिक तथा सांस्कृतिक वर्णनसँग नेपालको परिवेश जोड्दै गरिएको चित्रात्मक प्रस्तुतिले नियात्रालाई सहज र बोधगम्य बनाएको छ । नियात्राकारमा आफू जन्मेको देशको विकास होस् भन्ने चाहाना राख्छन् । उनी युरोपमा घुम्छन् तर मनमा नेपालमा के गर्दा राम्रो हुन सक्छ भन्ने सोच राख्छन् । आफू घुमेका स्थानसँग नेपालको परिवेशको कल्पना गर्दै सम्बन्धित निकायलाई नियात्रामार्फत झकझक्याउँछन् ।

**समकालिन साहित्य डटकम**

निबन्ध ● मधुसूदन घिमिरे

## चार्वाक दर्शन अथवा प्रवृत्ति

चारु+वाक् अर्थात् मीठो बोलीका अर्थमा चार्वाक् शब्द निर्माण हुन्छ । यो पौरस्त्य दर्शनमध्ये अत्यन्त भौतिकवादी दर्शन मानिन्छ । समग्र पूर्वीय दर्शन आस्तिक र नास्तिक गरी दुई वर्गमा विभाजित छन् । सामान्य अर्थमा आस्तिक भनेको ईश्वरको अस्तित्व स्वीकार गर्ने र नास्तिकले ईश्वरीय सत्ता अस्वीकार गर्न भन्ने बुझिन्छ । तर यसको तात्पर्य यतिमा मात्र सीमित छैन । पौरस्त्य दर्शनले वस्तु सिद्धिका लागि प्रमाणको खोजी गर्छ । समग्र पौरस्त्य दर्शन एक प्रमाणवादीदेखि लिएर अनेक प्रमाणवादी भए पनि मुख्यत: प्रमाण चार किसिमका मानिएका छन् । ती प्रमाणमा प्रत्यक्ष, अनुमान, उपमान र शाब्द ( आप्त वचन) हुन् । यी बाहेक पनि अन्य प्रमाणको परिकल्पना गरिएको देखिन्छ । प्रमाणद्वारा प्रमेयको सिद्धि हुने गर्दछ । प्रमाणका अभावमा आफूले स्थापित गरेको सिद्धान्त पुष्टि गर्न सकिँदैन । आधुनिक न्याय प्रणालीमा पनि यसलाई फरक तरिकाले स्वीकार गरेको देखिन्छ । आप्त भनेको कुनै अवस्थामा असत्यको पक्षधर नहुने ऋषिमहर्षिहरूको वचन हो ।

प्राय: पूर्वीय दर्शनले वेदमा उल्लेख भएका वाक्य, प्रमाणको रूपमा स्वीकार गरेको छ । पूर्वका दर्शनमा आस्तिकभित्र न्यायवैशेषिक, मीमांसा, वेदान्त, योग र सख्यलाई राखिन्छ । यी दर्शनले वेदोक्त वाणीलाई प्रमाणका रूपमा स्वीकार गरेको पाइन्छ । नास्तिकभित्र समावेश भएकाहरू बौद्ध, जैन र चार्वाक वेदवाणीलाई प्रमाण मान्दैनन् । त्यसैले यी दर्शन नास्तिक बन्न गए । बौद्ध र जैन आफ्ना संस्थापकका वाणीलाई प्रमाण मान्छन् । तसर्थ यी दुई दर्शन अर्द्ध नास्तिक हुन् भनेर स्वीकार गर्दा मध्यमार्गी भइन्छ । चार्वाकको अवस्था केही पृथक् छ । यस दर्शनले वेद र ईश्वर दुवैलाई अस्वीकार गर्दछ ।

यसको मूल भाव तलका दुई पङ्क्तिमा निहीत छ :

पीत्वा पीत्वा पुन: पीत्वा यावत् पतति भूतले ।
उत्थाय च पुन: पीत्वा पुनर्जन्म नविद्यते ।।

अर्थात्ह पिएर, पिएर फेरि पिएर जबसम्म भुइँमा लडिँदैन तबसम्म पिएर जब उठिन्छ फेरि पिएर किनकि पुनर्जन्म हुन्छ भन्ने गतिलो आधार छैन ।

त्यस्तै अर्को पङ्क्तिमा:

यावत् जीवेत् सुखं जीवेत् ऋणं कृत्वा घृतं पिबेत् ।
भस्मीभूतस्य देशस्य पुनरागमनं कुत: ।।

अर्थात्ह जति समय बाँचिन्छ, त्यति समय सुखपूर्वक बाँच । ऋण गरेर भए पनि घिउ खानुपर्छ । आगामा खरानी भएर जाने देहको फेरि आउने सुनिश्चितता छैन । यी दुई श्लोकले समग्र चार्वाकको विचारलाई प्रतिनिधित्व गरेको देखिन्छ । यस्ता विचारलाई व्याख्त्मक रूपमै भए पनि हरिवंश राय वचन, भरितेन्दु हरिश्चन्द्र लगायत विश्वभरका साहित्यकारले सिर्जनामा प्रयोग गरेका छन् । भरतेन्दुले "मधुशाला" नाटकमा समता र समानताको गतिलो उदाहरण मधुशाला भएको उल्लेख गरेका छन् । मधुशालामा जात, धर्म, सम्प्रदाय आदि केही नहेरिने र त्यसभन्दा बाहिर निस्केपछि विभिन्न आधारमा विभाजित हुने र समाजमा हिंसा मच्चाउने कार्य भइरहेको उल्लेख गरेका छन् । तथापि यो उनको समाजप्रतिको व्यङ्ग्य हो । मूलत: उनी यस विचारधाराका पक्षपाती होइनन् । हामी मानव अधिकांशमा समयमा आन्तरिक रूपमा चार्वाकसँगै नजिक हुन्छौं । हामी आवरणमा अन्य जस्तो बने पनि मूल रूपमा अधिकांश मनुष्य चार्वाक नै हो तथापि यस तथ्यलाई हामी स्वीकार गर्नचाहिँ सक्दैनौं । चार्वाक विचारधारा वेददेखि नै विकसित हुँदै आएको मानिन्छ । तर यसको साहित्यका बारेमा अन्य दर्शन जस्तो स्पष्टसँग उल्लेख भएको पाइँदैन । यसलाई बार्हस्पत्य दर्शनसमेत भनेको पाइन्छ । बृहस्पतिबाट सुरु भएकाले बार्हस्पत्य बन्न गएको हो । बृहस्पति, देवताका गुरु मानिन्छन् । यहाँ स्वाभाविक जिज्ञासा हुनसक्छ र हुनु पनि पर्दछ । देव गुरुले किन चरम भौतिकवादी दर्शनको सुरुवात गरे ? यसको कारण के होला ? विद्वानहरूको तर्क पाइन्छ । यस सन्दर्भमा असुरहरूलाई दिग्भ्रमित गरी मोजमज्जामा नै रहन दिनका लागि बृहस्पतिले यसलाई प्रतिपादन गरे । पौरस्त्य भूमि दार्शनिकहरूको हो । प्राचीन समयमा यस पावन भूमिमा अनेक दर्शनको सुरुवात र विकास भएको मानिन्छ । प्राचीन कालमा यहाँ चिन्तनको समृद्ध परम्परा थियो । पश्चिमी जगतमा पनि चिन्तन नभएको होइन तर पूर्वको जस्तरो शक्तिशाली विचारधारा त्यता नभएको हो । विडम्बना, जति हामी आधुनिकतामा प्रवेश गर्यौं, त्यति हामी चिन्तनमा पछि पर्दै गयौं । हाम्रो वैभवशाली उपस्थिति कमजोर बन्दै गयो । पश्चिम चिन्तनमा समृद्ध हुँदै गयो । त्यसैले आज हाम्रातिर मौलिक प्रकृतिको विचार शून्यप्राय: छ । पुन: मूल प्रसङ्गतिरै लागौं । चार्वाक दर्शनको सुरुवात कर्ता बृहस्पति हुन् भनिए पनि कयौं बृहस्पतिको उपस्थिति रहेको पाइन्छ । कामसूत्रका लेखक वात्स्यायनलाई पनि कहीं कतै बृहस्पति भनेर उल्लेख गरेको पाइन्छ । यही परम्परामा चार्वाक नामधारी कुनै विद्वान् भए । त्यसपछि यस दर्शनलाई अगाडि बढाए । यस दर्शनलाई लोकायत पनि भनिन्छ । यसको आशय केवल यो भौतिक जगत नै सत्य हो । यसपछिको स्वर्ग, नर्क आदिको परिकल्पना झुट सिवाय अरू केही होइन भन्ने यिनीहरूको विचार हो । ईश्वर,मोक्ष जस्ता अन्य पूर्वीय दर्शनले परिकल्पना गरेका सिद्धान्त यिनीहरूका लागि केवल पाण्डित्य प्रदर्शन र मान्छेलाई एक प्रकारको कहिल्यै पूर्ण नहुने मृगतृष्णा मरिचीका थियो । जुन कुरा छैन, त्यसमा आशावादी बनाउने चेष्टामात्र मानिन्थ्यो । छैटौं शताब्दीमा यस दार्शनिक परम्परामा अजित केशकम्ब्ली गरेका प्रसिद्ध व्यक्ति भए । अजितको अर्थ हुन्छ , कहिल्यै जित्न नसकिने अथवा अपराजित भन्ने । यिनलाई शास्त्रार्थ भनौं अथवा तर्कमा, पराजित गर्न असम्भव जस्तै थियो । जुनसुकै दर्शनकरो निर्माणमा देश, काल र परिस्थितिको गम्भीर प्रभाव हुन्छ। चार्वाक दर्शनको निर्माणमा पनि त्यो प्रभाव देख्न सकिन्छ । यिनीहरूको केही छिटपुटबाहेक अन्य स्वतन्त्र सैद्धान्तिक कृतिहरू उपलब्ध छैनन् । यसका अनेक कारण हुनसक्छन् । यो दर्शन सबैका दृष्टिमा निन्दित थियो । हाम्रो समाज आडम्बरी पनि छ । अन्य विचारधारालाई सहज रूपमा स्वीकार गरिँदैन । यस दर्शनलाई पनि स्वाभाविक रूपमा सहज ढङ्गले स्विकारेको पाइँदैन । त्यसैले यसका ग्रन्थसम्पदालाई नामेट पार्ने प्रयास भएको हुनसक्छ । नत्र प्रबल तार्किक क्षमता राख्ने यससम्बन्धी प्रशस्त साहित्य उपलब्ध नहुनु आश्चर्यकै विषय हो । चार्वाकहरूको विचार अप्रत्यक्ष अन्य दर्शनमा उल्लेख गरेको पाइन्छ । त्यसमा पनि चार्वाकहरूको विचार यो हो तर वस्तुत: उनीहरूको विचार गलत छ भनेर खण्डन गर्नका लागि मात्र समेटिएको देखिन्छ । यसले खास चार्वाकको सैद्धान्तिक दृष्टिकोण के थियो भनेर बुझ्न कठिनाइ अवश्य भएको पाइन्छ । चार्वाक दर्शनमा जयराशि भट्टको तत्व पल्लवसिंहझ नामक ग्रन्थ उपलब्ध छ । यसमा चार्वाकका केही मतहरू उल्लेख पाइन्छन् । यसको समय छैटौं शताब्दी मानिन्छ । विश्व दार्शनिक जगतमा छैटौं शताब्दी स्वर्ण युग थियो । यही समयमा पूर्वमा भगवान् गौतम बुद्ध, महावीर जैन, चीनमा कन्फ्युसियस, लाओत्सु, इरान, इराकतिर जरथुस्त्र, पश्चिममा थेलिज जस्ता दार्शनिकहरू भए । यिनीहरूले संसारलाई नवीनतम दर्शन दिने प्रयास गरेका छन् । कुनै पनि दर्शन आफैँमा पूर्ण हुँदैन । यसको अपवाद चार्वाक पनि होइन । यो आक्रामक दर्शन मानिन्छ । यिनीहरू विरोधीसँग उग्र रूपमा मुखरित हुन्थे । आफ्ना विचार र सिद्धान्तलाई प्रबल तार्किक क्षमताले प्रमाणित गर्दथे । यसैका कारण समाजमा यसकै प्रबलता हुने र नैतिक बन्धन नरहने भयले यसका ग्रन्थसम्पदालाई सुनियोजित रूपमा विनाश गरिएको हुनसक्छ । तत्त्वपल्लव सिंहमा चार्वाक दर्शनको मान्यता प्रस्तुत भएको छ । यस दर्शनले प्रत्यक्षलाई मात्र प्रमाण मान्छ । जुन कुराको चाक्षुष प्रत्यक्ष हुँदैन, त्यरो प्रमाणित गर्न सकिँदैन भन्ने मान्यता यिनीहरूको रहेको पाइन्छ । यसै गरी तत्त्व मीमांसामा चार पदार्थ पृथ्वी, जल, तेज र वायु मात्र मान्नु यिनीहरूको अर्को विशेषता हो । सुखवाद यिनीहरूको अर्को मान्यता हो । जसरी भए पनि सुखभोग गर्नु नै जीवनको लक्ष्य हो । स्वर्ग, नर्क, ईश्वर आदिको अस्तित्व अस्वीकार गरेपछि यही संसार सत्य हो । मरणमेवापवर्ग अर्थात् मर्नु नै मुक्त हुनु हो । पौरस्त्य दर्शनमा मुक्तिका बारेमा मत भिन्नता देखिन्छ । मुक्ति, मोक्ष, निर्वाण, अपवर्ग जस्ता शब्दहरू यसका पर्यायका रूपमा प्रयोग भएका छन् । यसको स्वरूपका बारेमा त सबै दर्शनमा ठूलो अन्तर देखिन्छ । त्यसैले जीवन रहुन्जेल सुखभोग गर्नुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । चार्वाकको चिन्तन यस्तरो थियो भनेर केही सूत्र प्रस्तुत गर्ने विद्वान् माध्वाचार्य हुन् । यिनले आफ्नो सर्वदर्शन सग्रहझमा केही चार्वाक दर्शनको भनेर सूत्रहरू दिई त्यसको खण्डन गरेका छन् । यद्यपि ती सबै विचार चार्वाककै हो भन्ने छैन । आफ्नो सहजताका लागि र उनीहरूलाई कमसल देखाउन पनि त्यस्तो कार्य भएको हुनसक्छ । चार्वाकका विचारमा धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थमध्ये अर्थ र मोक्षका पक्षमा मात्र चार्वाक छन् ।

चार्वाक दर्शन पूर्वको चरम भौतिकवादी दर्शन हो । यसका सबै विचार स्वीकार्य नहुन सक्छ । कुनै पनि दर्शन आफैँमा पूर्ण छैन । पूर्णताको अभावमा पनि यसले पौरस्त्य दार्शनिक धरातलमा आफूलाई दह्रैसँग उभ्याएको छ । हाम्रै समाजका उपज अनेक दर्शन हुन् । विशेष गरी बाह्रय रूपमा हामी अन्य दर्शनका अनुयायी वा ती विचारबाट प्रभावित भएको नाटक गर्दछौं तर आन्तरिक रूपमा नेपाली समाज चार्वाकको अनुयायी हो । आन्तरिक प्रवृत्ति हामी देखाउँदैनौं । देखाउँछौ सुकिलामुकिला र महान् विचार धारा भएको नैतिकवान् तर त्यस्तो कदापि हरोइन । जबसम्म धनको प्रधानता हुन्छ, समाजमा तबसम्म चार्वाक प्रवृत्ति निरन्तर रहिरहन्छ । नेपाली समाजको समग्र पक्षमा यरो दर्शन विद्यमान छ । त्यसैले यही समाजका उपज हाम्रा जुनसुकै क्षेत्रकरो नेतृत्व कर्ता भए पनि चार्वाक प्रवृत्तिमै रमाउँछ । जस्तो दृश्य त्यस्तै दृष्टिकोण हाम्रो बनेको छ । दृश्यमा अनेकता भई दृष्टिकोणमा समेत फरक देखिनुपर्थ्यो । त्यो हुन नसकेकामा हामीले विडम्बना मान्नुपर्छ । कि त समाजलाई पूर्णत: चार्वाक प्रवृत्तिमा लानुपर्यो कि त हामीमा केही सुधार आउनुपर्यो नत्र हामी चार्वाकका पक्का अनुसरणकर्ता बन्छौ । चार्वाकहरूले मानव व्यवहारको सूक्ष्म अध्ययन गरेको देखिन्छ । पश्चिममा फ्रायड, एल्फ्रड, यङ जस्ता मनोवैज्ञानिकले जुन सत्य मानव मनोविज्ञानका पक्षमा उजागर गरेका थिए, त्यस्तै मानवले बाहिरी रूपमा देखाउन इन्द्रियलाई जितेको जस्तो गरे पनि सम्पूर्णमा जितेको हुँदैन । मानवको आडम्बरपूर्ण व्यवहारलाई व्यङ्ग्य गर्दै जस्तो सोच्छौ, त्यही प्रदर्शन गर भन्ने चार्वाकहरूको विचारधारा हो । पश्चिमको मनोविज्ञान र चार्वाक सिद्धान्तमा पर्याप्त भिन्नता भए पनि मानव मन दुवैले राम्ररी नै प्रस्तुत गरेका छन् । यद्यपि चार्वाक दर्शन, ज्ञानको एउटा समृद्धशाली पक्ष भएकामा हामीले गौरवबोध चाहिँ गर्नैपर्छ । यसले चिन्तनको नवीन प्रवृत्ति देखाउन सफल भएको छ । **साहित्य डटकम**

# रामपुरमा शिविरमार्फत ४ सय ८५ जनाले लिए सेवा



**पाल्पा,** मंसिर १९/ जिल्लाको रामपुर नगरपालिकाका दुई वटा वडाकाका ४ सय ८५ जनाले स्वास्थ्य शिविरमार्फत सेवा लिएका छन् । नगरपालिकाले वडा नं.१ र २ का जनतालाई सहज सेवा प्रदानका लागि नगरपालिका कार्यालय बाट प्रदान गरिने सेवा संगै स्वास्थ्य जाँच सहितको सेवा वडा नं. १ को कार्यालयबाट दिएको हो ।

शिविरमा स्वास्थ्य जाँच सेवा १ सय ७० जनाले लिएका छन् । ल्याव सेवातर्फ १४० जनाको मधुमेह परीक्षण, ४५ जनाको एचआईभी परीक्षण गरी १८५ जनालाई सेवा प्रदान गरिएको थियो । आँखा तथा कान परीक्षण आँखा जाँच १३० र कान परीक्षण ७० जनाको गरिएको थियो । आखाँको परीक्षण गरिएका मध्ये ११ जनामा मोतियाविन्दुको समस्या देखिएको छ । त्यस्तै सामाजिक सुरक्षा भत्ताको बायोम्याट्रिक सेवा ४२ जना र अपाङ्गता तथा जेष्ठ नागरिक परिचयपत्र सेवा ६ जनाले लिएका छन् । साथै शिवरबाट २७ वटा योजनाको सम्झौता र एक वटा योजनाको बैंक खाता खोलिएको छ । शिविर बाटै पशु सेवा १७० जना, कृषि सेवा २०६ र आयुर्वेद सेवा १०१ जनाले लिएको योजना शाखा प्रमुख विक्रम बस्नेतले जानकारी दिए । शिविरमा रामपुर अस्पतालको समन्वयमा विशेषज्ञ सहितको स्वास्थ्य जाँच , कालीगण्डकी आँखा उपचार केन्द्रको समन्वयमा आँखा तथा कान परिक्षण र औषधी वितरण सेवा प्रवाह गरिएको थियो । वडाबाटै सेवा प्राप्त गरेसँगै स्थानीयहरु खुशी भएका छन् । शिविरबाट योजनाको सम्झौता, बैंक खाता खोल्ने, ज्येष्ठ नागरिक परिचयपत्र, अपाङ्गता परिचयपत्र वितरण, पञ्जिकरण सेवा, व्यवसाय दर्ता तथा नविकरण, कृषि तथा पशु सेवा लगायतका सेवा आँखा, कान परिक्षण सहित अन्य स्वस्थ्य परीक्षण सेवा प्रदान गरिएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । स्थानीय सरकार जनताको सेवाको लागि साथमा छ भन्ने आभास दिलाउन नगरपालिका कार्यालय देखि दुरीका हिसावले पर रहेका नागरिकको लागि शिविर सञ्चालन गरिएको नगर प्रमुख रमण बहादुर थापाले बताए । विगतका वर्षदेखि सञ्चालन भएको शिविरलाई थप परिस्कृत गर्दै निरन्तरता दिईएको उनलको भनाई छ । नगरपालिका कार्यालयको सेवामा आमनागरिकको पहुँच वृद्धि गर्न शिविर सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । उनले यस पश्चात वडा नं. ९ मा पनि शिविर सञ्चालन गर्ने योजना रहेको जानकारी दिए ।नगरपालिका कार्यालयबाट दुरी र पहुँचका हिसावले टाढा रहेका नगरबासीले सहज रुपमा सेवा लिन पाउने नागरिकको अधिकारलाई प्रत्याभूति दिलाउन शिविर सञ्चालन गरिएको प्रवक्ता कपिल बहादुर खाँणले बताए । वडा नं. २ का वडा अध्यक्ष कृष्ण बहादुर दर्जीले नगरपालिकाको सेवासँगै स्वस्थ्य जाँच सेवा ग्रामीण क्षेत्रका जनतालाई राहत मिलेको बताए ।

## खेलकुद समाचार

### ६०० विकेट पूरा गर्ने तेस्रो बलर नरायन



**काठमाडौं,** मंसिर १९/वेस्ट इन्डिजका सुनिल नरायन टी-२० क्रिकेटमा ६०० विकेट पूरा गर्ने तेस्रो बलर बनेका छन् । संयुक्त अरब इमिरेट्स (यूएई) को इन्टरनेशनल लिग (आईएल) टी-२० मा ३७ वर्षीय बलिङ अलराउन्डरले यो उपलब्धि हासिल गरेका छन् । आईएल टी-२० आबुधाबी नाइट राइडर्सका नरायनले शारजाह वारियर्ससँगको खेलमा १ विकेट लिएका हुन् ।

यसअघि टी-२० क्रिकेटमा अफगानिस्तानका राशिद खानले ६ सय ८१ र वेस्ट इन्डिजकै ड्वेन ब्राभोले ६ सय ३१ विकेट लिएका छन् । ५६८ टी-२० खेलमा नरायनले ६ दशमलव १६ को इकोनोमी रेट कायम राखेका छन्, यो कम्तीमा २०० विकेट लिने ११७ बलरमध्ये सबैभन्दा राम्रो हो । आईपीएल इतिहासमा सबैभन्दा सफल बलर बनेका नरायनले १९२ विकेट लिएका छन् । यस्तै उनी अहिले क्यारेबियन प्रिमियर लिग ( सीपीएल) मा १३३ विकेटका साथ सबैभन्दा सफल बलर हुन् ।

## अर्थ/कर्पोरेट समाचार

### राष्ट्र बैंकले थप ४० अर्ब उठाउने



**पाल्पा,** मंसिर १९/ नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीबाट आइतबार थप ४० अर्ब रूपैयाँ उठाउने भएको । बजारमा अत्याधिक तरलता बढेपछि राष्ट्र बैंकले बैंकिङ प्रणालीबाट रकम उठाउने भएको हो ।

राष्ट्र बैंकले ३५ दिनका लागि आइतबार दिउँसो ३ बजे बोलकबोलको समय तोकेको छ । बोल गर्न सकिने रकम कम्तीमा १० करोड रूपैयाँ र बढीमा पाँच करोड रूपैयाँले भाग गर्दा आउने नि:शेष भाग जाने गरी कुल आह्वान रकमसम्म रहेको छ । सावाँ तथा ब्याज भुक्तानी आगामी पुस १० गते तोकिएको छ ।यसको ब्याज दरसमेत बोलकबोलको माध्यमबाट हुनेछ । राष्ट्र बैंकका अनुसार निक्षेप संकलनको बोलकबोल ब्याज दरमा गर्नुपर्ने छ । बहु ब्याजदर मा पनि बहुबोलकबोल गर्न सकिनेछ । निक्षेप संकलन उपकरणाको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउने छन् ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

# विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



**वर्गिकृत**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्।

सम्पर्क: ०७५-५२०६०१


# शिक्षक आवश्यकता

मिति : २०८२/०८/१९

यस भुसलडाँडा माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०८/१५ को बैंठकको निर्णय, तानसेन नगरपालिकाको च.नं. १००५ मिति २०८२/०८/१७ को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाइ तानसेन पाल्पाको च.नं. ४३४ मिति २०८२/०८/१७ को अनुमती पत्र अनुसार यस विद्यालयमा प्राथमिक तह तृतिय श्रेणीको करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं. : ०१/०८२/०८३, पद :** शिक्षक, **पद संख्या :** १ जना,
**तह र श्रेणी :** प्रा.वि. तृतीय (करार), **नियुक्तीको किसिम :** करार
**शैक्षिक योग्यता :** :शिक्षा शास्त्र संकायमा कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको ।
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल :** प्रचलित नियम अनुसार, **दरखास्त दस्तुर :** रु. ७५०/-
**दरखास्त दिने अन्तिम मिति :** २०८२/०९/०६ गते (विद्यालय समयभित्र ।)
**सर्म्पक मिति :** २०८२/०९/०७ गते ।
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ। **परीक्षाको किसिम :** लिखित /अन्तरवार्ता
**आवश्यक कागजातहरू :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमति पत्रको प्रतिलिपी र निवेदन ।
**(पुनश्च : शिक्षक सेवा आयोगको करार सुचिमा रहेका उम्मेदवारको निवेदन परेको खण्डमा अन्य उम्मेदवारहरुलाई परीक्षामा सहभागी गराईने छैन।)**
सम्पर्क नं.: ०७५-५२१७८४ , ९८५७०६०९८५ ,९८४७०२८५४८

**राजेन्द्र प्रसाद बस्याल**
**प्रधानाध्यापक**

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**
**तानसेन-१, भुसलडाँडा, पाल्पा**


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई